REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

18:40 hrs 25.06.2025

## CM-Samvidhaan Hatya Diwas: IPR Dilliram Dulal

संविधान हत्य दिवसको उपलक्ष्यमा, मुख्यमन्त्री प्रेम सिंह तामाङले आज एमजी मार्गमा र्‍यालीको नेतृत्व गर्नुभयो। यो कार्यक्रम १९७५ को आपतकालको पचासौँ वार्षिकोत्सवको सम्झनामा मनाइन्छ र त्यस अवधिमा पीडितहरूलाई श्रद्धाञ्जली अर्पण गरिन्छ। भारत सरकारले जून २५ लाई संविधान हत्य दिवसका रूपमा तोकेको छ। आपतकालीन अत्याचारविरुद्ध लड्नेहरूलाई सम्मान गर्न जुलाई १२, २०२४ मा एक राजपत्र अधिसूचना जारी गरिएको थियो। र्‍यालीमा सिक्किम विधानसभाका अध्यक्ष र उपाध्यक्ष, क्याबिनेट मन्त्रीहरू, विधायकहरू, अधिकारीवर्ग र विद्यार्थीहरू लगायत अन्यको सहभागिता रहेको थियो। कार्यक्रम मनन केन्द्रमा समापन भयो। कार्यक्रमको उद्देश्य संवैधानिक अधिकार र संविधानलाई कायम राख्नुको महत्त्वबारे जागरूकता फैलाउनु हो। कार्यक्रममा मुख्यमन्त्री श्री तामाङले आफ्नो सम्बोधनमा आपतकाललाई देशको लोकतान्त्रिक इतिहासको अँध्यारो र चुनौतीपूर्ण अवधिका रूपमा व्याख्या गर्दै, जनतालाई संविधानमा निहित न्याय, स्वतन्त्रता, समानता र भ्रातृत्वको आदर्शलाई कायम राख्न अनुरोध गर्नुभयो।

## Indrahang: IPR

सांसद इन्द्र हाङ सुब्बा विश्व युवा सीप दिवस २०२५ को अवसरमा आज पाकिममा आयोजित सिक्किम इन्स्पायर्स अन्तर्गत सीप विकाससम्बन्धी जिल्ला आउटरिच कार्यक्रममा सहभागी हुनुभयो। यस कार्यक्रमको उद्देश्य सीप विकासको बढ्दो महत्त्वबारे जागरूकता फैलाउनु अनि कुशल, आत्मविश्वासी र रोजगारीका लागि तयार पुस्ता निर्माणमा सक्रिय सहभागितालाई प्रवर्धन गर्नु हो। सम्बोधनमा, सांसद श्री सुब्बाले वर्तमान युगमा सीप विकासको बढ्दो सान्दर्भिकतामा जोड दिनुभयो र यो समय सीपहरू परम्परागत परिभाषामा सीमित नरहने युग हो भन्नुभयो।

## Kailash-Pilgrim: Bishnu Neupane

कैलाश मानसरोवर तीर्थयात्रीहरूको दोस्रो समूहलाई आज बिहान 8.30 बजे सिक्किम पर्यटन विकास निगमका कार्यकारी निर्देशक राजेन क्षेत्रीले भारत-चीन सीमाको नाथुला घाँटीबाट प्रस्थान गराउनुभयो। सीमा पारी उनीहरूलाई चिनियाँ अधिकारीहरूले स्वागत गरे। यस समूहमा 45 जना यात्री र दुई सम्पर्क अधिकारी रहेका छन्। यसपटक सिक्किमका पाँच तीर्थयात्री पनि समूहमा समावेश छन्। श्री क्षेत्रीका अनुसार, आज सीमा पार गरेपछि क्रममा यी 45 तीर्थयात्रीमध्ये दुई जनाको स्वास्थ्यमा केही गडबढी देखिए पनि, पछि चिनियाँ अधिकारीहरूले स्वास्थ्य जाँच गरेपछि यात्रुहरूलाई कैलाश मानसरोवर यात्रामा समावेश गरिएको छ। साथै,

श्री क्षेत्रीले पहिलो समूहमा गएका सबै यात्रीको स्वास्थ्य अहिले ठिक रहेको जानकारी गराउँदै, उनीहरू कैलाशको परिक्रमा सकेर आज दार्छेन आधार शिविरसम्म आइपुगेको र भोली मानसरोवरको परिक्रमा पछि जोङ्बा, लाजी र काङमा हुँदै 1 जुलाईका दिन बिहान उनीहरू भारत-चीन सीमा नथुला घाँटी आइपुग्ने जानकारी दिनुभयो।

## Dzongu-Aadhar: IPR

जङ्गुमा लामो समयदेखि प्रतिक्षा गरिएको आधार कार्ड नामाङ्कन केन्द्रको स्थापना सम्पन्न भएको छ, जुन यस क्षेत्रको महत्त्वपूर्ण आवश्यकतालाई पूरा गर्ने ऐतिहासिक उपलब्धि हो। यो परिवर्तनकारी विकासले जङ्गुका जनताले वर्षौंदेखि भोग्दै आएको कठिनाइ अन्त्य भएको सङ्केत गर्दछ। उनीहरू आधार-सम्बन्धित आधारभूत सेवाहरूका लागि पनि मङ्गन र त्यसभन्दा टाढाका स्थानहरूमा यात्रा गर्न बाध्य थिए। यो ऐतिहासिक पहल मुख्यमन्त्री प्रेमसिंह तामाङको दूरदर्शी र समानुभूतिशील नेतृत्वमा साकार भएको छ, उहाँको समावेशी विकासप्रतिको अटल प्रतिबद्धताले ग्रामीण सिक्किमको सामाजिक-आर्थिक परिदृश्यलाई पुन: आकार दिन जारी राखेको छ।

## NH-510: Madhu Sharma

सिक्किम राज्यको एक प्रमुख सडक मार्गका रूपमा लिन सकिने राष्ट्रिय राजमार्ग, एन.एच 510 सिङ्तामबाट सुरु भएर गेजिङसम्म निर्माण भइरहेको छ, जसमा तिमीतार्कु, राभाङला,लेक्शेप जस्ता महत्त्वपूर्ण स्थानहरू पर्छन्। प्राप्त जानकारी अनुसार, यस राजमार्गका केही भागको निर्माण कार्य सम्पन्न भइसकेको भए पनि, अन्य भाग भने निर्माण कम्पनीले लथालिङ्गै अवस्थामा छोडेको कारण अबको वर्षायाममा कतिपय नागरिक विस्थापित हुने प्रबल सम्भावना देखिएको छ। सन् २०२१ मा राभाङलादेखि गेजिङसम्म २-लेनको सडक निर्माण र स्तरोन्नति गर्न परियोजना सुरु गरिएको थियो तर हाल यसको अवस्था पनि नाजुक बनेको छ। लेक्शेपदेखि गेजिङबीच विभिन्न गाउँ हुदै जाने सडकमार्ग करिब एक वर्ष देखि निर्माण कार्य ठप्प भएको र जताततै खनेर छोडेका कारण धेरै स्थानमा अहिले पहिरो गएर मानिसहरू अप्ठ्यारो परिस्थितिमा रहेको जानकारी प्राप्त भएको छ।